कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता

Wednesday 29 May, 2024 yugaawhan@gmail.com

# नेपाल विद्युत प्राधिकरण

दरबार मार्ग, काठमाण्डौ, नेपाल

## मालारानी (सुर्खेत)–पिप्ले (सल्यान) विद्युत वितरण लाइन आयोजना (३३ के.भी., एकल सर्किट) को वातावरणीय अध्ययन (संक्षिप्त वातावरणीय अध्ययन) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

**(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ सँग सम्बन्धित)**

**(प्रकाशित मिति २०८१/ ०२ / १६ गते )**

कर्णाली प्रदेश, सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिका र सल्यान जिल्ला कालिमाटी गाउँपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| |
|---|
| **प्रस्ताव:** मालारानी (सुर्खेत)–पिप्ले (सल्यान) विद्युत वितरण लाइन आयोजना (३३ के.भी., एकल सर्किट) |
| **प्रस्तावको व्यहोरा:** प्रस्तावित आयोजना एसियन इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट बैंक (AIIB) को ऋण सहयोगमा निर्माण हुने छ। यस आयोजना अन्तर्गत ३३ के.भी. क्षमताको करिब ११.१ किलोमिटर वितरण लाइनको तार टाँग्न स्टिल ट्युवुलर पोल गाडिने छ र ३३/११ के.भी. क्षमताको नयाँ सव-स्टेशन निर्माण गरिनेछ। यस आयोजनाको (सुरू) ट्यापिङ्ग विन्दु सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिका वडा नं. २ मालारानीमा अवस्थित छ भने अन्तिम विन्दु (प्रस्तावित सव-स्टेशन क्षेत्र) सल्यान जिल्ला कालिमाटी गाउँपालिका वडा नं ४ पिप्लेडाँडामा रहनेछ। वितरण लाईनको क्षेत्राधिकार (RoW) ६ मिटरको हुनेछ। प्रस्तावित सव-स्टेशन कालिमाटी गाउँपालिका वडा न. ४ पिप्लेडाँडा स्थित नेपाल सरकारको स्वामित्वमा रहेको जमिनमा निर्माण हुनेछ र सो को लागि करिब ०.६ हेक्टर क्षेत्रफल आवश्यक पर्नेछ। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा: सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिका वडा नं १ र २ एवं सल्यान जिल्ला कालिमाटी गाउँपालिका वडा नं. ४ र ५ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा निम्न मिति, समय र स्थानमा आयोजना गरिने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई आ-आफ्नो राय सुझाव उपलब्ध गराइ दिन हुन हार्दिक अनुरोध गरिन्छ।

| **सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान:** | |
|---|---|
| मिति: २०८१।०२।२३ गते<br>समय: दिउँसो १: ०० बजे<br>स्थान: श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय, गुर्भाकोट न.पा.-२ मालारानी (रपट), सुर्खेत | मिति: २०८१।०२।२७ गते<br>समय: बिहान ११: ०० बजे<br>स्थान: कालिमाटी गाउँपालिकाको कार्यालय, कालिमाटी सल्यान |

| **आयोजनाको प्रस्तावकको नाम र ठेगाना:** | **परामर्शदाताको नाम र ठेगाना:** |
|---|---|
| नेपाल विद्युत प्राधिकरण<br>दरबारमार्ग, काठमाडौं<br>पो.ब.नं: १००२०<br>फोन: ०१-४१५३०५४/४१५३०५५<br>ई-मेल: neamd@nea.org.np; | नाम: एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड<br>ठेगाना: ट्रेड टावर भवन, दोश्रो तल्ला, थापाथली, काठमाडौं<br>फोन: ०१-५१११०२४<br>ई-मेल: info@neaec.com.np |